# गाउं पंचायत र
## गाउंलेको कर्तव्य

321.6

# गाउँ पञ्चायत र गाउँलेको कर्तव्य

प्रकाशक

श्री ५ को सरकार, पञ्चायत मन्त्रालय
प्रचार विभाग

प्रथम संस्करण, २०००
२०२० साल
"क" श्रेणी

मुद्रक
श्री ५ को सरकारको छापाखाना
काठमाडौं नेपाल ।

## गाउं पंचायत

हिमालको काखमा हिमालको चिसो पानी पिएर हृदय संग्लो पारेका हामी नेपाली हौं, हाम्रो देश नेपाल हो । युगौंदेखि स्वतन्त्र वातावरणमा हामी फष्टाउँदै आएका छौं भन्ने कुरा हाम्रो इतिहासले बताउँदछ । हाम्रो देश नेपाल आजसम्म पनि वीरहरूको जन्मभूमि र ज्ञानीहरूको तपोभूमि भई आएको छ । हाम्रो देश नेपालमा आफ्नो-आफ्नो युग अनुसार धेरै पौरखी राजाहरूले राज्य गरे । यो देशमा विभिन्न धर्म र जातका मानिसहरूले बसोवास गरेका छन् । बाहुन, क्षेत्री, नेवार, गुरूङ, मगर, राई,तामाङ, थारू, दनुवार, मैथली

कागते, भूमिहार तेली आदि सबै वर्गका मानिसहरूको रगतपसिनाले नेपालको धरती मौलाएको छ । संसारको सबैभन्दा अग्लो चुचुरो हाम्रै देशमा छ । हाम्रो देश संसारको कुनै देशभन्दा पनि कम्ती छैन । हाम्रो नेपाल पहिले साना-साना राज्यहरूमा बाँडिएर टुक्रिएको थियो । नेपालीको शक्ति र पौरख,आफसी झगडा र मारकाटमा यसै खेर गैरहेको थियो । पछि श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहले आफ्नो बुद्धि र पौरखले साना साना राज्यहरूलाई विजय गरी छरिएको नेपाललाई एक सूत्रमा बाँधी विशाल नेपालको सृजना गरे । त्यस बेलादेखि आजसम्म नेपालीहरू एक राजाको प्रजा भएर बसेका छौं । सूर्य–चन्द्र अङ्कित झण्डाको छहारीमा एक भएर अडेका छौं । यदि नेपालले पृथ्वीनारायण जस्ता दूरदर्शी राजा नपाएको भए आफ्नो स्वतन्त्र अस्तित्वलाई दिगो राख्न मुस्किलै पर्ने थियो । एशियामा ब्रिटिश साम्राज्यवादीहरूको दबदवा बढेको बखत नेपाल साना-साना राज्यमा बाँडिएरै बसेको भए आज हामी नेपालीले "नेपाली" भनेर गर्व गर्न पाउँदैनथ्यौं होला । नेपालीलाई कुनै पनि विदेशी शासकले सताउन पाएन ।

जहानिया शासनको उदय भएपछि नेपालको इति-

हासमा कालो बादल छायो जसले गर्दा नेपालीले एक सतसम्म अज्ञानता, दरिद्रता र पिडछिएकोपनमा बिताउनु पर्‍यो। हाम्रा दुई ठूला देश भारत १९४७ को १५ अगस्तमा स्वतन्त्र भयो त्यस्तै युगौंसम्म जकडिएर बसेको चीन अक्टोवर १, १९४९ मा जनवादी गणतन्त्र भयो। विदेशीहरूको शासन नभए पनि जहानिया शोषणबाट मुक्त हुन र विकास र प्रगतिका शत्रुहरूलाई हटाउन नेपाली पनि जुरमुरयाउन थाल्यो। १०४ वर्षको जहानिया शासनबाट नेपालीलाई मुक्त गरी देशमा प्रजातन्त्र स्थापना गर्न राजा प्रजा मिले २००७ सालमा ठूलो क्रान्ति गरे पछि नेपाली जनताले प्रजा-तन्त्र पायो। शाह वंशको गौरवमय इतिहासमा एक सुनौला अध्याय थपियो। राजा त्रिभुवन नेपालमा प्रजातन्त्रक। प्रवर्तक होइबक्स्यो। युगौंसम्म खुम्चिएर बसेका जनता रमाए। देशमा अनेक पार्टी खुले। विभिन्न पार्टीका विभिन्न नेता बने। नेताहरूको हातमा राजाले राज गर्ने अधि-कार सुम्पिए। नेताहरूको हातमा राजकाज गयो। धेरै नेता र धेरै पार्टी भएकोले सबैले आफ्नो-आफ्नो ढङ्गबाट नेपाललाई सुखी बनाउने विचार मात्र पोखे। जनप्रेमी, प्रजातन्त्रप्रेमी राजाले सबैको कुरा खाएर

सबै पार्टी र नेतालाई देश बनाउने समान अवसर दिए । यसप्रकार कहिले कुनै पार्टीले राजकाज गरे, कहिले सबै पार्टीका मानिस मिलेर राजकाज गरे कहिले कुनै पार्टीमा नलागेका मान्छेले राजकाज गरे । तर "सबै जोगी आए कानै चिरेका" भने झैं सबैले देश र जनताको ख्यालभन्दा आफू र आफ्नो पार्टी मात्र बनाउन पट्टि लागे । जसले गर्दा शहीदको सपना र राजाको इच्छा पूरा हुन पाएन । जनताको सुख पाउने चाहनामा तुषार पात भयो । देशमा फेरि यस्तो वातावरण आउन थाले पछि प्रजातन्त्रप्रेमी राजालाई चिन्ता गर्नु स्वाभाविकै थियो । जनताले रोजेका मान्छेहरूद्वारा नै राजकाज चलाउन पाए जनता सुखी होलान् कि भनी २०१५ सालमा देशभर चुनाव पनि भयो । जनताद्वारा चुनिएका मान्छेको हातमा राजकाज गयो । "अब त होला कि" भन्ने भावनाले सबैलाई रसायो । तर यो केवल भावना मात्र रह्यो । देश बनाउन आएका मान्छेले उल्टो जनतालाई छकाउन थाले । नेताहरू "आफूमात्रै नै सुखी र धनी हुँ" भन्ने पट्टि लागे । जसले गर्दा देशभर लूटमार चल्यो शान्ति सुरक्षा गर्ने भन्दा जनतालाई पिरोल्ने र मासु अमिल्याउने कार्यहरू बढन थाल्यो । जनतामा हाहाकार बढ्यो । जनता

आफ्नो ज्यान, धन र इज्जत जोगाउन रुन कराउन थाले । यति मात्र नभएर पूर्खाले ज्यानको बाजी लाएर आर्जेको देशको स्वतन्त्रता र देशको सार्वभौमिकता समेत खौलोमा पार्ने डरलाग्दा कार्यहरू बढ्न लागे । यस्ता कार्यहरू धमाधम बढेपछि **नेपाली मात्रका साझा राजा**लाई ठूलो चिन्ता पऱ्यो । जनताले पनि आफूलाई आपत पर्दा जोगाउने एकमात्र सहारा राजालाई ठानेर राजाको समक्ष रुन कराउन पुग्यो । आफ्नो देश र जनताको हर पीर मर्का, आपद हटाउन आफ्नो ज्यान र गद्दीको बाजी थाप्ने राजाले पुर्खौली गौरवमा आँच आउन नदिई कार्य गर्न अघि सर्नु पऱ्यो । जसको फलस्वरूप राष्ट्रिय एकताका प्रतीक कोटि नेपालीका साझा राजाले २०१७ साल पुष १ गते एक साहसिलो कदम चालिबक्सियो । पौरखी राजाको हिकालु कदम अघि-अघि बढेपछि नेपाली जनताले आशाको लामो सास फेरे । राजाको यो महान् कार्यलाई देशभरका जनताले रौसी-रौसी स्वागत गरे । आफ्नो प्राण भिजाएर राजाको नेतृत्वमा देश फुलाउने प्रण गऱ्यो । नेपालीलाई आफ्नो माटोको रूप-रूप थाहा थिएन । नेपालीलाई आफू फष्टाउने जल-वायुको अनुभव थिएन । त्यसले गर्दा नै अरूबाट लादिएको

नक्कली वस्तुमा रमाउन अघि सरेका थिए । अब त सुख होला कि भनी आपनो वर्कतले नभेट्ने बोझ बोक्न अघि सरेका थिए । जसले १० वर्षको अमूल्य समय नेपालीले हाहामा बिताउनु पर्‍यो । आज यी सब कुरा-लाई ध्यानमा राखेर नेपालीको घर आँगन आफैं घुमेर नेपालीलाई प्रेमले जितेका पहिलो राजा श्री ५ महेन्द्र होइबक्सिन्छ । जनताको मुराद बुझेर देशको हावापानी सुहाउने नेपालकै माटोमा जरा हाल्ने सच्चा प्रजातन्त्रको सृजना गर्न २०१७ साल पौष २२ गते देशभर पञ्चायत प्रजातन्त्र स्थापना गर्ने घोषणा गरि-बक्स्यो । राजाको यो महान् भावना सफल पार्न नेपाली जनताले कम्मर कस्यो । पञ्चायत नेपाली जनताको लागि कुनै नौलो विषय थिएन । पञ्चायत युगौंदेखि नेपाली समाजमा भिजेको नेपालीले रूचाएको वस्तु थियो । पहिले यसले राजनीतिक तथा कानूनी मान्यता पाएको थिएन । जनतामा महत्व पाइसकेको वस्तु हुँदा चाँडै नै यसले आफ्नो व्यापकता नेपाली माटोमा ल्याएको छ । शक्ति र लोक सम्मतिको आधारमा गाउँको उन्नति गाउँकै जनताद्वारा गराउनु पञ्चायतको मूल सिद्धान्त हो ।

गाउँको लागि गाउँलेबाट गाउँका असल मानिस

रोजी गाउँको शासन गाउँलेले नै गर्नु नै पञ्चायत प्रजातन्त्र हो । पञ्चायतको अर्को विशेषता छ । गाउँको तह देखि नै जनतालाई राजकाजमा भाग लिन रूचि बढाउनु । हैकम थाम्न सक्ने तुल्याउनु । आफ्नो गाउँ बनाउन सबैलाई समान अवसर दिनुको साथै गाउँमा हुन लागेको जुनसुकै शुभ कार्य "हामी सबैको हो" भन्ने वोध गराई देश निर्माण गर्नु पञ्चायतको मुख्य लक्ष्य हो । पञ्चायतले नेपाली जनतालाई अर्काको नक्कली वस्तु र वादविवादको फोस्रो सम्वादलाई हटाएर देशको आवाद गर्न विभिन्न झण्डा र पार्टीमा बाँडिएका जनतालाई एक पारी दलगत स्वार्थलाई छिमलेको छ । गाउँको तहदेखि उठेर मेलैसंग माथि पुग्ने व्यवस्था पञ्चायतमा भएकोले निख़र प्रजातन्त्र पञ्चायती व्यवस्थामा स्थापना हुन सक्दछ भन्ने कुरा नेपाली जनताले बुझ्दै आएका छन् ।

पञ्चायती व्यवस्थामा देशका तमाम जनताले आफ्नो देशको राजकाजमा भाग लिन पाउँदछन् । देश बनाउने जिम्मेवारी सबै नेपालीमा छ । देशको सुख–दु:ख सबै नेपालीले समान रूपले बेहोर्नु पर्ने कुरा पञ्चायत प्रजातन्त्रमा प्रष्ट खुलेको छ ।' एकले मरी-मरी काम गरोस् अर्को चुपचाप बसोस्' भन्ने भावनालाई

हटाएर देश सबैको साझा हो भन्ने महान् भावनालाई हृदयले छोपी सबैलाई अगाडि बढाउनु पञ्चायत प्रजातन्त्रको मूल मन्त्र हो। बाल बूढा, तन्नेरी नरनारी सबैले आफ्नो दैलोमा बसी आफ्नो वास्तविक उन्नति गर्न सकून् भनी पञ्चायत प्रजातन्त्रको जन्म भएको हो। पञ्चायत पद्धति नै प्रजातन्त्रको ज्यूँदो र साकार रूप हो भन्ने कुरामा सबैको विश्वास बढ्दै गएको छ। हाम्रो धर्म, संस्कृति र परम्परा जातीय प्रतिमाका गुणहरूसंग मेल खाने व्यवस्था भएकोले नै पञ्चायत प्रजातन्त्र नेपाली माटोमा मौलाउन थालेको छ। देश बेगर हामीले आफू भन्न पाउने छैनौं भन्ने श्री ५ को महान् भावना पञ्चायत प्रजातन्त्रको सफलतामा निर्भर गर्दछ। किनभने गाउँ-गाउँको उन्नति र व्यक्ति-व्यक्तिको उन्नति भै देशको वास्तविक उन्नति हुन्छ। पञ्चायत प्रजातन्त्र नेपाली इच्छा र युगको माँग अनुसार आएको व्यवस्था भएकोले नेपालीले यसलाई मरिमेटी सफल तुल्याउने दिशामा पाइलो चाल्दैछन्।

पञ्चायतले देशभरका जनतामा पारिवारिक स्नेहको सञ्चार गर्दै गएकोले पनि यसले आफ्नो अस्तित्व-लाई दिगो राख्ने छ भन्ने जनतामा बलियो धारणा जमेको छ। जनतामा राजनीतिक चेतनाको कमी भएको हाम्रो

जस्तो देशमा पञ्चायत प्रजातन्त्र नै सबै भन्दा कल्याणकारी व्यवस्था साबित हुन आएको छ। एक पटक भोट खसालेर ५ वर्षसम्म जिम्मेदारीलाई पन्छाउने व्यवस्थाको साटो अविरल गतिमा देशको निर्माणमा जनतालाई लगाउने एकमात्र माध्यम पञ्चायत प्रजातन्त्र देशभर मौलाएर आएको छ। एकै पटक माथि पुग्ने व्यवस्थाको साटो गाउँको तहदेखि खारिएर माथि पुग्ने व्यवस्था पञ्चायतमा भएकोले देशप्रेमी जनप्रेमी जाँगरिला मानिसको हातमा राजकाज जाने व्यवस्था पञ्चायतमा छ। यसरी तलैदेखि माथि पुगेका मानिसहरूबाट बनेको बलियो केन्द्रीय सरकार भएकोले सरकारलाई कुनै पनि निर्माण कार्य गर्न वाधा पुगेको छैन। पञ्चायत प्रजातन्त्रमा जम्मा चार तह हुन्छन्। ती हुन्– गाउँ–नगर, जिल्ला र अञ्चल पञ्चायत, राष्ट्रिय पञ्चायत। पञ्चायतको सबै भन्दा बलियो र तल्लो तह गाउँ पञ्चायत भएकोले पञ्चायत प्रजातन्त्रमा गाउँ पञ्चायतको ठूलो स्थान छ। गाउँ पञ्चायत नै पञ्चायत प्रजातन्त्रको बलियो खम्बा हो। कुनै पनि गाउँको समस्या स्थानीय जनतालाई बढ्ता थाहा हुने हुनाले गाउँ पञ्चायतमा गाउँकै जनताको बढ्ता चासो राखिएको छ। त्यसैले गाउँ पञ्चायतमा गाउँलाई

घर र गाउँका जनतालाई एक परिवारको रूपमा मान्यता दिएको हो। पञ्चायतमा पहिलेको जस्तो एक गाउँको मान्छे अर्को गाउँमा गएर ठूलोठालु बन्न पाउँदैन। गाउँको मान्छेलाई गाउँको दुःख–सुख थाहा हुने हुँदा जो जुन गाउँको त्यो त्यही गाउँमा मात्र बसेर काम गर्ने व्यवस्था चलाएको हो। गाउँको बन्दोवस्त गर्ने जिम्मा गाउँका मानिसहरूले लिनु पर्ने भएकोले गाउँ पञ्चायतलाई गाउँको सानो सरकार भनेको हो। केन्द्रको सरकारलाई मात्र भिडनपरोस् जनताले तलैदेखि राजकाजमा हात हाल्न सकून् भनेरै गाउँको उन्नति गर्ने हैकमको बाँडफांड गाउँका जनतालाई दिएर हाम्रो देशको उन्नति चाँडो गर्ने हेतुले पञ्चायत प्रजातन्त्रको स्थापना भएको हो।

मेचीदेखि महाकालीसम्मका कोटि नेपाली विशाल नेपालको साझेदार बनेका छन्। देश बनाउने हक सबै नेपालीलाई समान रूपले आएको छ। पञ्चायत प्रजातन्त्रको पहिलो र बलियो तह गाउँ पञ्चायतमा ९ सदस्य हुन्छन्। सरकारले देश भरका ३००००,(तीस हजार)गाउँमा ३४७६ गाउँ पञ्चायतको स्थापना गरेको छ। २००० देखि ३,००० सम्म जनता बसोवास गरेको एक थुम, मौजा, प्रगन्ना, खर्कलाई गाउँ सभा घोषित गरी

एक गाउँ पञ्चायतको इलाका छुट्याएको छ । यसरी छुट्याएको गाउँ सभाभित्र त्यहाँका जनतालाई आफ्नो मनले खामेको मानिस रोज्न सजिलो होस् भनी एक गाउँ सभालाई वडामा विभाजित गरी एक गाउँ पञ्चायतको स्थापना गरेको छ । गाउँका २१ वर्ष उमेर पुगेका छोरा मान्छे र छोरी मान्छेले रोजेको ६ जना सदस्यहरूबाट एक गाउँ पञ्चायत बनेको छ । यस्तो गाउँ पञ्चायतमा रोजिने त्यही गाउँका १० जनाको सिफारिश सहित गाउँका मानिसले उम्मेदवार भएर उठ्नु पर्दछ । सरकारले चुनाव हुने दिन र चुनाव हुने ठाउँ तोके पछि गाउँका जनताले आफ्नो मनले खामेर जस-जसलाई रोज्दछन् ती नै रोजिएका मानिसहरूबाट गाउँ पञ्चायत खडा हुन्छ । गाउँमा रोजिने काम सकिए-पछि ६ जना रोजिएका मान्छेहरू मध्ये उम्दालाई ६ जनाले रोजेर एकलाई प्रधान पञ्च र अर्कोलाई उप-प्रधानपञ्च राख्दछन् ।

गाउँ पञ्चायत चुनाउ प्रत्येक दुई वर्षमा गरिन्छ । गाउँ पञ्चायतको सदस्यको पञ्चायतमा रहने म्याद २ वर्ष, ४ वर्ष र ६ वर्षको हुन्छ । प्रत्येक २ वर्षमा ३ जना खाली हुने हुँदा दुईदुई वर्षमा पञ्चायतको चुनाव हुन्छ । यसरी चुनाव हुँदा नयाँ मानिसहरू पञ्चायतमा

आउन पाउने र पुराना एकै चोटि जान नपर्ने भएकोले गाउँमा काम गर्न ठूलो सजिलो भएको छ । जो जुन गाउँको छ त्यो त्यही गाउँमा मात्र बसेर काम गर्न पाउने भएबाट गाउँको उन्नतिमा तीव्रता आएको हो । २१ वर्ष नपुगेका, चोरीमा परेका, टाट उल्टेका मानिसलाई उम्मेदवार हुन नपाउने व्यवस्था भएकोले गाउँका असल गाउँलेले पत्याएका मानिसले मात्र रोजिन पाएका छन् । रोजिए पछि पनि कसैले इमान डगाएर गाउँलाई दु:ख दिन थाल्यो भने गाउँका २० प्रतिशत जनता मिलेर त्यस्ता जाली-फटाहालाई हटाउन सक्ने व्यवस्था पञ्चायतमा भएकोले पनि पञ्चायतका सदस्य सबै गाउँको भलो गर्ने पट्टि लागेका छन् । पञ्चायतमा वर्षको दुई चोटि हिउँद र वर्षे बाली पछि गाउँ भरका जनता राखेर सबैको रायसल्लाह गर्नु पर्ने र पञ्चायतले जे-जति गरेको छ त्यसको फांटवारी जनतालाई देखाउनु पर्ने भएकोले आफ्नो गाउँको कार्यमा कुनै जनता पनि विमुख भएको छैन । यसरी सारा गाउँको रेखदेख र सबैको राय-सल्लाहबाट चल्ने शासन भएकोले नै पञ्चायत प्रजातन्त्रलाई सबै नेपालीले रुचाएका हुन् । २०१८ साल फाल्गुण ७ गते शुरू भएर २०२० साल वैशाख १ गतेसम्ममा जम्मै तहको काम सकिएर सफलताको सिंढी

चढेको पञ्चायतको बारे धेरै भन्नु ठीक पर्दैन। जनताले स्वयं भएको स्वाद पाइसकेका छन्। सरकारले गाउँका जनतालाई काम गर्न अझ सजिलो होस् भनी गाउँ पञ्चायत नियमावली तयार गरेको छ। कुनै पनि मानिसलाई काम गर्न नियमको आवश्यकता पर्दछ। 'बेलगामको घोडा' भन्ने हाम्रो उखान पनि छ। त्यस्तै नियम र सिलसिला नभएको काम राम्रो हुँदैन। यी सब कुरालाई विचारेर सरकारले गाउँ पञ्चायत नियम तयार गरेको हो। यस नियम गाउँको जनताको सुविधा-को पूरा-पूर ख्याल गरेर बनाइएको छ।

कुनै पनि गाउँ पञ्चायतले आफ्नो गाउँ पञ्चायतको सभा गर्दा गाउँ पञ्चायतको अड्डामा गर्नु पर्नेछ। कुनै पनि सभा गर्दा सभा गर्ने ठाउँ र समयको राम्रोसंग किटान गरी सबैले देख्ने र सुन्ने ठाउँमा टाँसी सबै जनता-लाई भन्नु पर्दछ। यस बेगर बेरीतपूर्वकको सभाले गरेको निर्णयलाई मान्यता दिंदैन।

यस्तो सभा भएको बेलामा कुनै कारणले गर्दा गाउँको प्रधानपञ्च र उप-प्रधान पञ्च दुवै छुट्न गएका भए जम्मा भएका पञ्चायतका अरू सदस्यबाट काम चलाउने नियम बनाएको छ। पञ्चायतले सभा गर्दा पञ्चायतका सदस्यले छानेका सभापति याने

सभाको मुख्य मान्छेले बोल्ने मान्छेको रोह मिलाउनु पर्दछ। पञ्चायतको सभामा गाउँका मान्छेले आफूलाई परेको पीर-मर्का भन्न र आफूले जान्न खोजेको जुनसुकै कुरा पनि सोध्न पाउँदछ । तर हाम्रो प्यारो राजा र राजगद्दी माथि क्षति पुऱ्याउने कुनै कुराको उठान भने गर्न पाइंदैन । त्यस्तै अड्डा-अदालतमा मुद्दा परेको झगडाको बारे र कुनै मानिसको हुर्मत लिने गरी बोल्न पाइंदैन। पञ्चायतलाई बिथोल्ने र गाउँ पञ्चायतलाई छिमल्ने खालका कुनै कुरा गर्न छाडा दिएको छैन । गाउँ पञ्चायतले गरेका कार्यहरूको फेरिस्त गाउँ पञ्चायतमा लेखेर राख्नु पर्दछ। कुनै पनि पञ्चायतको सदस्यले आफ्नो गाउँ भित्रको मात्र कुराको लेखाजोखा गर्न पाउँदछ। कुनै पनि पञ्चायतको सदस्यलाई पञ्चायतबाट खारेज गर्न गाउँका सयकडा २० जना मान्छेको लिखित उजूरी पऱ्यो भने मात्र खारेज गर्ने नियम बनेको छ । यस्तो नियम भएपछि कुनै सदस्यले गाउँलाई नै मर्का पाऱ्यो भने मात्र झिक्न पाउने हुन्छ । एक-दुई व्यक्तिको रीस-इबीले गाउँको असल व्यक्तिलाई पीर नपरोस् भनी सरकारले यस्तो नियम बनाएको हो । यस्तै गाउँ पञ्चायतका प्रधान पञ्चले भैंमा खुट्टा छाडेर गाउँलाई पिर्न थाल्यो भने गाउँ पञ्चायतको उप-प्रधान

पञ्चको छेउ उजूरी दिनु पर्दछ । प्रधानपञ्च उपर रीतपूर्वकको उजूरी पऱ्यो भने उप-प्रधान पञ्चले कारवाई गर्दछ । तर कुनै कारणवश प्रधान पञ्च र उप-प्रधान पञ्च दुवैलाई गाउँका मानिसले हटाउने निधो गरे भने गाउँका धेरै मानिसले जसलाई पत्याएर यो मुद्दा हेर्न खटाउँदछन् उसैले यो मुद्दा किनारा लाउँदछ। पञ्चायतको कुनै पनि सभा गर्दा र सभामा यो काम गर्ने भनेर तय बाँध्न धेरै जनाको राय लिनु पर्दछ । कुनै कामको तय गर्दा मानिसमा मुरादको फाटो बढ्यो भने कति जना कुन रायमा सम्मिलित भएका छन् सो बुझ्नु पर्दछ । यो राय बुझ्नलाई फलानाको भनाई यो छ फलानाको भनाइ यो छ, तपाईंहरू कुन भनाइलाई खानु हुन्छ भनेर सोध्नु पर्दछ । यसरी सभाको सभापतिले राय मागेपछि जो जुन पक्षमा लागेको छ हात उठाउन पर्दछ । जुन पक्षका धेरै जनताले हात उठाउँदछन् त्यही पक्षको राय सल्लाहलाई मान्यता मिल्दछ । यसरी गाउँ पञ्चायतमा सबैको सल्लाहको तय बाँधेको कुराहरूको नक्कल जिल्ला पञ्चायतलाई थाहा दिन पठाउनु पर्दछ ।

गाउँ पञ्चायतको सबै चाहिने कागज पत्रहरू गाउँ पञ्चायतको अड्डामा राख्नु पर्दछ । यो कागज पत्रको

जिम्मा गाउँ पञ्चायतको सेक्रेटरीको हुनेछ । गाउँ पञ्चायतको अड्डामा गाउँ पञ्चायतले कहीं कुनै कागज पठाउँदा आफू कहाँ निस्सा राख्न एक दर्ता पुस्तक राख्नु पर्दछ । पञ्चायतले पठाएको कागज पत्र जहाँ बुझाउने हो त्यहाँ बुझाई बुझाएको निस्सा राख्न एउटा भरपाई पुस्तक राख्नु पर्दछ । गाउँ पञ्चायतका सदस्यको कसको म्याद कति हो र कसको कति बाँकी छ भन्ने कुरा जान्नको लागि एक पदाधिकारी पुस्तक राख्नु पर्दछ । त्यस्तै गाउँ भरका मानिसको नामको फेरिस्त खडा गरेर एउटा छुट्टै पुस्तक तयार गर्नु पर्दछ । गाउँमा पञ्चायतले कुन मितिमा के के काम गर्‍यो भन्ने लेखाजोखा गर्ने एक प्रगति ढड्डा पनि खडा गर्नु पर्दछ । आफ्नो गाउँ बनाउन गाउँमा कुन-कुन मानिसले कुन-कुन प्रकारले सहयोग गरे भन्ने छुट्टै ढड्डा र गाउँ पञ्चायतसंग के के नगद या जिन्सी छ भन्ने अर्को ढड्डा तयार गरेर राख्नु पर्दछ । ऐनले दिएको हक अनुसार गाउँमा तिरीएको दर गाउँका मान्छेको ठहर अनुसार मात्र हुने नियम बनेको छ । गाउँ पञ्चायतले आफ्नो इलाकाभित्र व्यापार गरेर पैसा कमाउनेहरूसंग पनि नाफा भएको धनमा बढीमा सयकडा दश तिरो उठाउन पाउँदछ । त्यस्तै आफ्ना गाउँमा कसैले सिनेमा, चटक आदि देखाएर

धन कमाएकोमा पनि नाफाको दश प्रतिशत असूल उपर गर्न पाउँदछ ।

गाउँ पञ्चायतले गाउँका लागि बाटोघाटोको राम्रो प्रबन्ध गर्नु पर्दछ । आफ्नो इलाकामा दिन-दिनै चल्ने मोटरहरूमा वर्षको १० र पशु सवारीको वर्षको ३ का दरले दस्तूर उठाउन पाउँदछ । गाउँ पञ्चायतले आफ्नो इलाकामा कसैको वस्तुहरू छाडा लागि बाली-नाली नासेको पायो भने त्यस्ता बस्तुलाई थुनामा राख्न सक्दछ । थुनामा राखेको ३ दिनपछि सबैको जानकारीको लागि सूचना गर्नु पर्दछ । थुना परेको १० दिनभित्र बस्तुको हकवाला आयो भने बढीमा दिनको २। रू. का दरले जरिवाना गर्न पाउँदछ । १० दिनसम्म पनि कोही नआएर थुनामा परेको बस्तु बेवारिसी हुन आए बस्तु लिलाम गरी रूपैयाँ पञ्चायतले राख्दछ । गाउँका जनताले तिर्ने रैरकम-दस्तूरलाई पञ्चायतले म्याद तोकेर उठाउँदछ । कुनै बखत गाउँमा बाली बाढीले खायो भने या हिउँ परेर, असिना परेर, सुख्खा लागेर, आगलागी भएर गाउँका मानिसले कर तिर्न सकेनन् भने गाउँका जनता मिलेर सो वर्ष कर माफ दिने समेत गर्न सक्दछन् । गाउँ पञ्चायतले आफ्नो पञ्चायतको धन सम्पत्ति राम्रो फेहरिस्त बनाएर राख्नु

पर्दछ । कुन धन कसरी, कोबाट ,कुन कारण पाएको वा आएको भन्ने कुरा राम्रोसंग लेखी राख्नु पर्दछ । गाउँ पञ्चायतले कुनै पनि मानिस या संस्थाले दिएको धन दिनेको मुराद अनुसार खर्च गर्नु पर्दछ । कुनै मानिसले गाउँमा धारा राख्न चन्दा दियो भने त्यो धन घट्ट राख्ने काममा खर्च गर्न हुँदैन । यदि दाताले मञ्जूरी गर्‍यो भने पञ्चायतले जुनसुकै काममा पनि खर्च गर्न पाउँदछ । गाउँ पञ्चायतले आफ्नो गाउँलाई अरू गाउँको दाँजोमा लैजान या उछिन्न धनको खांचो पर्‍यो भने ऋण लिन पाउँदछ । त्यस्तै,

आफ्नो गाउँको कुनै मानिसले घरेलु उद्योग खोल्दा, खेती बढाउने काम आँट्दा, मील राख्न खोज्दा, अनेक प्रकारको गाउँको भलो हुने काम थालेको बखत धन नपुगेर ऋण माग्यो भने पञ्चायतले धितो लिएर ऋण दिन पाउने नियम बनाएको छ । सरकारले गाउँ पञ्चा-यत नियमावली यसउसले बनाएको हो कि जसबाट गाउँदेखि नै जनताले सानो रूपमा भए पनि राजकाज चलाउनु सकून् । कुनै पनि गाउँ पञ्चायतले गाउँमा भए, गरेको कामको र खर्चको भए, गरेको व्यहोरा वर्षको दुई चोटी सबै गाउँका जनतालाई अवगत गराउनु पर्दछ । यसउसले पञ्चायतले

आफ्नो गाउँमा हुने खर्चको लगत पहिले तयार गर्नु पर्दछ । यो लगत तयार गर्दा यति रकम यो काममा र यति रकम यो काममा खर्च हुन सक्दछ भन्ने व्यहोरा पहिले नै तयार गर्नु पर्दछ । गाउँ पञ्चायतले तयार गरेको फांटवारीलाई गाउँका जनताले ठीक ठानेर कार्य गर्ने निधो दीए पछि सोही अनुसार काम थाल्नु पर्दछ । गाउँ पञ्चायतमा जम्मा भएको पैसा नियम अनुसार पञ्चायतको सेक्रेटरीले प्रधानपञ्चले लाए–अह्लाए बमोजिम गर्दछ । गाउँ पञ्चायतले पञ्चायतको सम्पत्ति-लाई सरकारी बैङ्कमा राख्ने चाँजो मिलाउन पाउँदछ । गाउँ पञ्चायतको धनसम्पत्ति खर्च गर्दा प्रधानपञ्च र गाउँ सेवकको सहिछाप परेपछि मात्र खर्च गर्न पाइन्छ । गाउँ पञ्चायतको आम्दानी खर्चको पूरा जिम्मा प्रधान पञ्चमा रहेको हुन्छ । गाउँ पञ्चायतले दिनदिनै गरेको खर्च र आम्दानी को लगत दिनदिनै तयार गर्नु पर्दछ । दिन-दिनको हिसाब खाता ठीक ठीक तरीकासंग राखी मिति लेख्नु पर्दछ । महीना-महीनामा जुन कामको लागि जति खर्च गर्ने भनेर छुटयाएको हो सो बमोजिम भए नभएको भिडाएर हेरी सबै व्यहोरा राम्रोसंग लेखी राख्नु पर्दछ । प्रत्येक गाउँ पञ्चायतले गरेको खर्चको जाँच श्री ५ को सरकारले खटाएको मानिसले

गर्ने नियम बनाएको छ ।

यसरी हर क्षेत्रमा गाउँ पञ्चायतले आफ्नै किसिमबाट आफ्नो गाउँको उन्नति गर्दै देशलाई अरू उन्नत मुलुकको दाँजोमा पुऱ्याउने अवसर पाएको छ । आज प्रत्येक नेपालीले देश बनाउने समान अवसर पाएको छ । युगपुरूष राजाको सुकिलो र कुशल नेतृत्व पाएका नेपाली भविष्यको उज्यालो दैलो खोल्ने तरखर गर्दै प्रगति पथमा लम्कँदै छ ।

## आफ्नो गाउं आफैंले बनाउनु पर्छ

आफ्नो गाउँ आफैले बनाउनु पर्छ। कुनै पनि देशको उन्नति त्यो देशका जनताको परिश्रम र पौरखमा निर्भर गर्दछ। नेपालको उन्नति गर्न अरू देशको जनता आउँदैनन्। चाहे हामी संसारको जुनसुकै राष्ट्रमा गए पनि मेचीदेखि महाकालीसम्मको उन्नति र अवनतिमा नेपालीको सुख दुःख निर्भर गर्दछ भन्ने कुरा हामीले कहिल्यै भुल्नु हुँदैन। हामी नेपाली घर-पैसाले गरीब भए पनि मनका हामी धनी छौं। जुन कुरा हामीले बिर्सन्न हुँदैन। आज हामी परिस्थितिले गर्दा अनाक्षरता, गरीबीको शिकारमा परे पनि भोलि हामी प्रगतिको उच्च शिखरमा पुग्न सक्दछौं। यसको लागि हामीमा लगन र धैर्यको खांचो छ। मानिसले चन्द्रलोकसम्म पुग्ने आँट गर्दा पनि हामी अशिक्षा र गरीबीको भारबाट पथरा परिरहनु लाज लाग्ने कुरा भैसक्यो। हाम्रो देशमा कुनै कुराको कमी छैन। प्रकृति देवीले हाम्रो धरतीलाई आफ्नो सबै कला र

सौन्दर्यले धन र गुणले परिपूर्ण गराएकी छिन् । नेपालका अग्ला-अग्ला चुचुरा नेपाली श्रमको गीत सुन्न आतुर छन् । नेपालका पाखा-पर्ती नेपाली पसिनामा हरियाली ढाक्ने तरखर गर्छन् । हिमालबाट बगेका नेपालका जल-श्रोतहरू हामीलाई संधै हांक दिएर बग्दछन् । जङ्गलका जडीबूटी हामीलाई गिज्याएर सुक्दछन् । नूनखानी, तामाखानी, सुनखानी हाम्रो बाटो हेरेर पर्खि रहेका छन् । हामी उठेर पनि सुत्यौं । हाम्रा वरपरका छिमेका उठेर माथिपुग्दा पनि हाम्रो कुम्भ-कर्ण निद्राले हामीलाई छाडेन । बडामहाराजा पृथ्वी नारायणले ब्यूँझाएको नेपाली बीचमा सुत्यौं, सुतेको सुत्यै अर्धचेतन अवस्थामा परेर रहनु पर्‍यो । आज युग नै पछि शाहवंशका ज्योति राजा महेन्द्रको मायालु स्पर्स पाएर ब्यूझेका छौं अब हामी नसुतौं । आफ्नो प्यारो राजाको दरिलो नेतृत्वलाई छोपेर अगाडि बढौं । देश रहे हामी रहन्छौं । देश सबैको साझा हो भन्ने मूल मन्त्र-लाई अङ्गालेर नेपाली माटोमा नेपाली बिरूवा रोपौं । पञ्चायत प्रजातन्त्रको यो चिल्लो बिरूवालाई मुटुको रगत सिंचेर जोगाऔं । आफ्नो वस्तुमा रमाई आफ्नो वस्तु समाऔं । आज हामीले राजा महेन्द्र जस्तो साहसी राजा पाएका छौं । आजको युगले हामीलाई ठूलो हाँक

दिएको छ। अब पनि हामी सुते हाम्रो भविष्य कहिले पनि उठ्दैन। अरूले गरिदेला भन्ने न्याले आशालाई छाडेर हामी अब आफ्नो पौरखी पाखुरी बजाउन पट्टि लागुं। हाम्रो कमजोरी र हाम्रो अवस्थालाई फेला पारेर अरूले लाभ उठाउने अवसरलाई अब जरैदेखि उखेली नेपालीत्वलाई जगाउने बेला आएको छ। आज हामीलाइ हाम्रो मित्र देशलाई सहायता गरेका छन्। यो सहायता त्यो देशका जनताको मेहनत र पसिनाको कमाई हो। कुनै पनि स्वतन्त्र र स्वाभीमानी देश अर्काको सहायताले मात्र उन्नति गर्न सक्दैन। कुनै पनि देशको गौरव त्यस बेला बढ्दछ जुन देशले लिन भन्दा दिन बढ्ता सक्दछ। त्यसैले आजको नेपालीले अरूको मुख ताक्ने चाहनालाई छोडेर आफ्नो पौरख वर्कतमा देश बनाउनेपट्टि लाग्नु परेको छ। यो कुरा प्रत्येक नेपाली जनतामा नआएसम्म आफ्नै भरमा देश बनाउने राजाको भावना र नेपाली इच्छा पूरा हुन सक्दैन। हामीले आफ्नै इच्छा अनुसार आफू सुहाउने राजनीतिक व्यवस्था पञ्चायत प्रजातन्त्रलाई स्वीकार गरेका छौं। यो व्यवस्था हाम्रो चाहनाको अनुकूल भएकोले नै हामी यसमा फष्टाउन सक्दछौं। पञ्चायतको कोसंग बढी सम्बन्ध रहन्छ र यो व्यवस्थाबाट को सुखी रहन्छ

भन्ने कुराबाटै पञ्चायत व्यवस्थाको उज्यालो पक्ष राम्ररी देखिन्छ। पञ्चायती प्रजातन्त्र अरूलाई मन परे परोस् या नपरोस् तर नेपाली यो व्यवस्थामा फष्टाउँदछ भने हाम्रो लागि यही असल मार्ग हो। आफू र आफ्नो देशसुहाउने व्यवस्था भएकोले नै आज राजादेखि सबै प्रजा एक भएर पञ्चायत प्रजातन्त्रलाई फुलाउन ज्यान भिजाउनु परेको छ। आफ्नै भरमा उभिएर विश्वमा नेपालीको नामलाई अमर गराउने महान् उद्देश्यले प्रेरित भएर यो व्यवस्थाले नेपाली माटोमा जरा हालेको छ। आपसको छलफल, सरसल्लाह र मेलोमतोबाट आफ्ना आवश्यकता र चाहनाको पूर्ति गर्ने अवसर पञ्चायत प्रजातन्त्रमा देशका सबै जनताले समान रूपले पाएका छन्। "गाउँ बने हामी बन्छौं र गाउँ बिग्रे हामी बिग्रन्छौं" भन्ने भावनालाई सबै नेपालीले एक भएर छोप्नु परेको छ। युगौंदेखिको अनाक्षरता अन्धकारलाई हटाई नेपाललाई विकास र प्रगति पथमा लम्काउने एकमात्र सुगम बाटो पञ्चायत हाम्रो अगाडि आएको छ। देश बनाउने जिम्मा एकको मात्र होइन। देश सबैको साझा हो र कोटि नेपाली यो देशका साझेदार हुन्। नेपाल नेपालीको प्राणभन्दा प्यारो देश हो। मेचीदेखि महाकालीसम्म हजारौं गाउँ मिलेर हाम्रो देश बनेको

छ । त्यसैले एक गाउँमा बस्ने गाउँले र एक देशमा बस्ने देशवासी यस नेपालको बनजङ्गल फाँडी आफ्नो रगत पसिना झारेर नेपालको धरती मलिलो पार्ने मानिसको नाम हो 'नेपाली' । आज सबै एक भएर आफ्नो गाउँ र देशलाई उन्नत तुल्याउन महामेला भर्दैछन । पञ्चायत प्रजातन्त्र गाउँबाट शुरू हुन्छ । पञ्चायतमा गाउँका मानिसले गाउँका सुख दुःख आफूले नै बेहोर्न पर्ने भएकोले गाउँका जनमा उन्नतिको होड नचलाई आफ्नो गाउँ बन्दैन ।

आफ्नो गाउँ बनाउन गाउँका जनता नकस्सिएसम्म पञ्चायत झांगिएर आउन पाउँदैन । गाउँका जनताले हातमा ठेला पारेर निर्माणको मेला भरी निधारको पसिनाले धूलो नटिपाएसम्म पञ्चायत फष्टाउन सक्दैन । आफ्नो गाउँको भलो गर्न गाउँका जनताले नै सोची विचारी काम गर्नुपर्छ । कसैले कसैलाई थिचोमिचो नगरी अब गाउँको उन्नति हुने काममा गाउँका मानिस भेला हुन्छन् तब मात्र त्यो गाउँका जनता धनी र सुखी बन्दछन् । गाउँको भलो हुन्छ । गाउँको भलो हुनुको माने नै त्यो गाउँमा बस्ने गाउँलेको भलो हुनु हो । गाउँ र गाउँलेको भलो माने नै यो गाउँ-गाउँ मिलेर बनेको नेपाल देशको भलो हुनुहो । यी सब कुरा गाउँका जनताले

राम्ररी विचारेर काम गरेपछि मात्र सम्भव हुन्छ । गाउँ-गाउँलेको हो । गाउँ पञ्चायत गाउँलेले, गाउँबाट आफ्नो मनले खामेका मान्छेहरूबाट गाउँ बनाउन बनाएको सानो सरकार हो । आफ्नो गाउँ बनाउने पूरा जिम्मेदारी अब गाउँका जनताको हातमा आएको छ । सरकारले गाउँमा पञ्चायत खोलिदियो अब आँगनमा बसेर काम नगरी खान पाइन्छ, सबै कुरा सरकारले बनाई दिन्छ भन्नु हुँदैन । गाउँ बनाउने जिम्मा एक जना र सरकारको मात्र होइन । आफ्नो गाउँलाई बनाउन गाउँका एक-एक मान्छेले खान र सुत्न बाहेक रातौं-दिन मेहनत गरेर पसिना झार्नु पर्दछ । तबमात्र त्यो, गाउँ धनी र सुखी बन्दछ । आफ्नो गाउँमा स्कूल चाहियो अस्पताल चाहियो भने आफ्नै गाउँका जनता मिलेर राख्नु पर्दछ । पञ्चायतमा गाउँका मानिसले पत्याएर मानिसहरू बसेर काम गर्दछन् । पञ्चायतमा जो जुन गाउँको छ त्यही गाउँमा बसेर काम गर्नु पर्ने भएकोले पञ्चायतका मान्छेले आफ्नो गाउँको भेगो राम्रोसंग पाएका हुन्छन् । पञ्चायतले आफ्नो गाउँलाई उन्नति गर्न सबैको रायसल्लाह गरेर कामको फेहरिस्त तयार गर्दछ । सबैको रायबाट तय भएको कामलाई गाउँका जनताले आफ्नो सम्झेर पूरा गर्नु पर्दछ । गाउँमा हुन

लागेको काम मेरो हो भनेर ज्यान भिजाउनु पर्दछ । पञ्चायत गाउँका जनताको रायसल्लाह मिलेमतोबाट चल्ने हुँदा पञ्चायतले गाउँमा लाएको रै-रकम, दस्तूर गाउँका जनताले खुशीसाथ बुझाउनु पर्दछ । पञ्चायतले लगाएको रै-रकम अकार्थमा खेर जाँदैन । गाउँका जनताले बुझाएको दस्तूरबाट गाउँको भलो हुने काम पञ्चायतले थाल्दछ । जनताले दिएको चन्दा र रै-रकम बाट पञ्चायतले गाउँमा उद्योग धन्दा चलाउँदछ । गाउँमा स्कूल खुले त्यो गाउँका बालकहरूले पढ्न पाउँदछन् । गाउँमा अस्पताल खुलेपछि त्यो गाउँका जनता रोगव्याधिबाट बच्न सक्दछन् । गाउँमा धारा रहे त्यो गाउँको जनताले स्वच्छ पानी पिउन पाउँदछन् । गाउँमा कुलो खने त्यो गाउँका जनतालाई खेती गर्न सजिलो हुन्छ । गाउँमा हिउँदे बाली लगाए त्यो गाउँका जनतालाई अन्न सङ्कट पर्दैन । गाउँमा उद्योग खुले त्यो गाउँका जनताले काम र माम पाउँदछन् । गाउँमा बाटो बने त्यो गाउँका जनता राम्रोसंग हिड्न र टाढा-टाढासम्म व्यापार गरी गाउँलाई धनी बनाउन सक्तछन्। त्यसैले आफ्नो गाउँ बनाउन आफैले मरिमेट्नु पर्छ गाउँका मान्छे चूपचाप लागेर बसून् जम्मै कुरा सरकारले बनाई दिन्छ भन्नु भूल हुनेछ । कुनै गाउँ

पञ्चायतले गाउँमा कलधारा, बिजुली बत्ती राख्न खोज्यो भने र गाउँ पञ्चायतले सरकारसंग योजना सहित सबै कुरा रीत पुऱ्याएर पेश गऱ्यो भने सरकारले धारा र बिजुलीका उम्दा मान्छे खटाएर सहयोग गर्दछ। यदि काम ठूलै रहेछ भने पुग नपुग धन पैसाको पनि सहायता गर्दछ। गाउँ बनाउन गाउँका जनतालाई धन चाहिन्छ। त्यसैले गाउँका मानिसलाई आफूले कमाएको केही धन आफू र आफ्नो गाउँलाई परेको बखत काम लाग्न सकोस् भनी सरकारले "बचत–कोष" योजना चलाएको हो। यस्तो योजना गाउँमा भएपछि एकको मात्र भलो नभै गाउँका सबै जनताको भलो हुन्छ। पञ्चायत व्यवस्था यस्तो छ जुनसुकै काम पनि गाउँका जनताको रुचि बिना चल्न सक्तैन। हामी हाँसे नेपाल हाँस्दछ। हाम्रो गाउँ बने हामी बन्दछौं। पञ्चायत्का ९ जना सदस्यले मात्र गाउँ बनाउन सक्दैन। पञ्चायतमा गाउँ बनाउने जिम्मा सबै गाउँलेको छ। पञ्चायतका सदस्यले गाउँ के गरेर उन्नति हुन्छ भनी विचार गर्दछन्। पञ्चायतका सदस्यलाई गाउँका सबै जनताले राय-सल्लाह दिन सक्दछन्। पञ्चायतले गाउँमा गाउँलेको जन्म–मरणको लगत राख्दछन्। यस्तो लगत राख्न गाउँका मान्छेले सही कुरा नभनी दिए ठीक दुरूस्त

हिसाब आउँदैन। पञ्चायतले गाउँको वन-जङ्गल जोगाउन खोज्छ, गाउँलेले मास्न खोजे भने त्यसको अर्को उपाय हुँदैन। पञ्चायतले बाटोको दाँया बाँया रुख लाउन गाउँले बोलाउँदा गाउँले गएनन् भने बाटोमा रुख लाग्दैन। गाउँको सफाइ–सुग्घर गर्न गाउँकै जनता लाग्नु पर्दछ। गाउँको बाटो र पुल बनाउन गाउँकै जनता लाग्नु पर्दछ। गाउँको बाटो र पुल बनाउन गाउँकै जनताले कोदाली र काठको टिम्बा बोक्नु पर्दछ। गाउँका जनता अब "आफैंमा भर पर्न सकून्" भनी यो "पञ्चायत" को स्थापना भएको हो। हामीलाई हाम्रो देशको विकास गर्न स्वस्थ, सवल र शिक्षित तन्नेरीको खांचो छ। यस खांचोको पूर्ति गर्न गाउँगाउँमा स्कूल, अस्पताल चाहिन्छ। लेकमा भेंडा गोठ र गाई गोठ राखेर दूध मासु निकाल्नु परेको छ। कुखुरा पालेर मासु र अंडा झिक्नु परेकोछ। असलजातका बीउहरू-द्वारा खेतीको विकास गर्नु परेको छ। आपनो गाउँको संस्कृतिलाई जोगाउन गाउँका पुराना वस्तुको संरक्षण गर्नु परेकोछ। स्वच्छ हावा र पानी असल वातावरणमा खाएर पिएर, पढेर लेखेर, हृष्टपुष्ट भएका सूरा र चतुरा अनार गाले नेपाली अनुहार हेर्नु छ। यी सब कुरा तब मात्र पूरा हुन्छ जब गाउँका जनता रात-दिन लागेर

मेहनत र पसिना बगाउन थाल्दछन् । राजाको सपना र नेपालीको इच्छा तब मात्र पूरा हुन्छ जब युगौंसम्म अंध्यारोमा जाकिएको नेपाली पञ्चायतलाई सफल पार्न एक भई "आफ्नो गाउँ आफैले बनाउनु पर्छ ।" भन्ने भावनाले निर्माण गर्न तम्सिने छ ।

श्री ५ को सरकार,
पञ्चायत मन्त्रालय,
प्रचार विभाग ।

मुद्रक:— श्री ५ को सरकारको छापाखाना
काठमाडौं, नेपाल ।